ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक १११
१० माघ २०७९ मंगलबार
24 Jun. 2023, Tuesday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेश प्रदेश: मन्त्रीमण्डल विस्तारमा ढिलाइ, सभासदहरु मन्त्री बन्न दौडाधुपमा



**खबर दर्पण समाचारदाता**

**माघ १० गते, जनकपुर**

मधेश प्रदेशको सरकार मन्त्रीमण्डल विस्तारमा ढिलाइ भएसँगै प्रदेश सांसदहरु मन्त्री बन्नको लागि शक्ति केन्द्रमा दौडधुपमा लागेका छन् ।

प्रदेश सरकारमा हाल सबै मन्त्रालय मुख्यमन्त्री सरोज कुमार यादवको मातहतमा रहेका छन् ।

मुख्यमन्त्री यादव र ३ जना मन्त्रीले सपथ लिएको एक हप्ता बढी भई सक्दा पनि मन्त्रीमण्डलले पूणर्ता पाएको छैन् । नियुक्त भइसकेका मन्त्रीहरुको विभाग समेत तोकिएको छैन् ।

उच्चस्तरीय स्रोतका अनुसार जसपाबाट मन्त्री बनेका सञ्जय यादवलाई अर्थ, नेकपा एमालेबाट मन्त्री बनेका सरोज यादव ( महोत्तरी) लाई भौतिक पूर्वाधार विकास र जनमतबाट मन्त्री बनेका ई.वसन्त कुशवाहालाई कृषि मन्त्रालयको जिम्मेवारी दिइने छ ।

यता मन्त्रालयको टुंगो नलागे पनि एमालेका मन्त्री यादव र जनमतका मन्त्री कुशवाहाले आवास सुनिश्चित गरिसकेका छन् । यादवले पूर्व भौतिक पूर्वाधार मन्त्रीको आवास रोजेका छन् । तर ई.कुशवाहाले पूर्व सामाजिक विकास मन्त्रीको आवास रोजेका छन् ।

जसपाबाट मन्त्री बनेका यादवले हाल सम्म आवास सुनिश्चित गरेका छैनन् । तर उनले पूर्व अर्थमन्त्रीको आवासलाई रुचाएका छैनन्। उनको रोजाइमा पूर्व कृषि मन्त्रीको आवास पर्न सक्ने संभावना छ ।

निवर्तमान गृह तथा सञ्चार मन्त्री भरत साहले आवास खाली गरि सकेका छैनन् । उनी फेरि मन्त्री






# मधेस प्रदेश : तीन जना बिनाविभागीय मन्त्रीले पाए जिम्मेवारी



**खबर दर्पण समाचारदाता**

**माघ १० गते, जनकपुर**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले ३ जना बिनाविभागीय मन्त्रीहरूलाई आज मन्त्रालयको जिम्मेवारी तोकेका छन् ।

मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न मन्त्रिपरिषद् बैठकले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, जनता समाजवादी पार्टी नेपालका संजय यादवलाई अर्थ मन्त्रालय र जनमत पार्टीका बसन्त कुशवाहालाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिएका छन् ।

मुख्यमन्त्री यादवले बाँकी ७ वटा मन्त्रालय भने हाल आफैंसँग राखेका छन् ।

पुस २७ गते तीनजना प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री यादवले बिनाविभागीय मन्त्रीको जिम्मेवारी दिएर पुस २९ गते मुख्यमन्त्री यादवसँगै ३ जनाले बिनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका थिए ।

मधेस प्रदेशमा १० मन्त्रालय छन् । प्रदेशमा जसपा र जनमतले आलोपालो नेतृत्व गर्ने सहमति गरेका छन् ।

यता, मधेस प्रदेश सरकारको सत्ता साझेदार दलहरुको छलफलबाट एक/दुई दिनभित्रै मन्त्रिमण्डलले पूर्णता पाउने गरी मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरिएको छ । सत्ता साझेदार दलहरुबिच मन्त्रालयको भागबण्डामा औपचारिक सहमति हुन नसक्दा अहिले पनि मधेस प्रदेश सरकारले पूर्णता पाउन सकेको छैन् ।

जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यादव प्रदेशसभाका १० दलमध्ये ७ दल र २ स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए भने पछि लोसपाका ९ जना सांसदले पनि सरकारलाई समर्थन गरेसँगै मुख्यमन्त्री यादवले ७२ सांसदको साथ पाएका थिए।

# मनराशिसवा नगरपालिकामा मदिरा सेवन र बिक्रीवितरणमा रोक



**महोत्तरी**/ महोत्तरीको मनराशिसवा नगरपालिकामा मदिरा बिक्री वितरण, ओसारपसार तथा सेवनमा रोक लगाइएको छ ।

पालिकाका सर्वसाधारण जनताको सदाचार, सामाजिक सदभाव, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरु नियन्त्रण गर्नका लागि मदिरा विक्रीवितरण तथा सेवनमा निषेध गर्ने निर्णय गरेको हो ।

गत पुस ३० गते सम्पन्न भएको दशौं नगरसभाबाट पारित मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७२ को दफा ५ को ६ बमोजिम पालिकाका वडा नं. २, ३, ५, ८, ९ र १० को सम्पूर्ण क्षेत्रहरुमा मदिराको उत्पादन तथा बिक्री वितरणमा पूर्णरुपमा बन्देज गरिएको प्रमुख प्रशासकीय अधिकृत माघवेन्द्र चौधरीले जानकारी दिए । उनले वडा नं १, ४, ६ र ७ मा दफा ५ बमोजिम सार्वजनिक कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा मठमन्दिरको चारैतर्फ ३०० मिटर दुरीभित्रको क्षेत्रमा मदिरा उत्पादन, संकलन, भण्डारण तथा बिक्री वित्तरण गर्न नपाईने बताएका छन् ।

वडा क्षेत्रहरुमा मदिरा पसल, बिक्रीवितरण वा उत्पादन गरिरहेका सम्पूर्ण व्यवसायीले १५ दिनभित्र मापदण्ड पालना नगरे मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०७९ को दफा ११, १२ र १३ बमोजिमको कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

## सम्पादकीय

# सबथोक आयात कहिलेसम्म

नेपालमा राजनीति छैन। कार्यकर्ताको विश्वास नेतामाथि छैन। नेताको विश्वास पनि कार्यकर्तामाथि छैन। यसैकारण केही भन्ने अवस्था छैन कि नतिजा के हुन्छ ? राजनीतिका कारण हरेक कुरा अनिश्चित छ, दोधार छ। राजनीति सही बाटोमा लागे पो नतिजा आउँछ। न नेता, न कार्यकर्ता, राजनीतिक बाटोमा लागेकै छैनन्। नतिजा राम्रो आउने त प्रश्नै उठ्दैन।

राजनीतिमा मोहियानी हक नै रहेन। जस्तो जमिनमा मोहियानी हकको समस्या थियो। अहिले राजनीतिमा त्यसरी नै मोहियानी हकमा समस्या आयो। ठूला नेताका कारण अरूले टिकट नै पाउँदैनन् उमेदवार हुनलाई। चुनाव लड्न न्यायोचित ढंगले टिकट दिने काम भएकै छैन। गर्नेहरू यसै मरेका छन्, नगर्नेहरू माथि माथि पुगेका छन्। त्यसले मलाई लाग्छ- नेपालमा राजनीति हरायो। राजनीतिलाई नेताहरूले आफूमा केन्द्रित गरे। जसका कारण भोलि के हुन्छ कसैले भन्न सक्दैन। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पद नभइ भएन। उहाँ कोसँग मिल्नु हुन्छ, कोसँग मिल्नु हुन्न, केही थाहा हुँदैन। पहिले उहाँ जुन प्रचण्ड हुनुहुन्थ्यो, अहिले त्यो प्रचण्ड नभएर चण्डमुण्ड पो हुनुभएको हो कि ? नेपालको राजनीतिको टुंगो भएन।

सानो सन्दर्भ हेरौं न, किसानहरूको उखुको मोल अत्यन्तै थोरैमात्र बढ्यो। अब अर्को पल्ट उखु लगाउँछन् कि लगाउँदैनन् टुंगो भएन। कृषिमा हिङ, ज्वानो, मेथी, अदुवा सबै सबै आयात हुन्छ यहाँ। कृषिप्रधान देश नेपालमा चामल त पुगेन पुगेन, ज्वानो मेथी पनि पुगेको छैन, आयात हुन्छ। यसरी मुलुक कसरी अगाडि जान्छ ? राजनेताहरूप्रति यो मेरो प्रश्न पनि र जिज्ञासा पनि हो। उता, जुन सरकार आए पनि युवा बाहिर पठाउने, पठाइरहने ! स्वदेशमा कामको उत्पादन नै छैन। काम नपाएपछि युवा नविदेशिएर गरुन् चाहिँ के ? सबै थोक आयात गरेपछि बजेट त्यसमै जान्छ। पैसा छैन भनेपछि युवालाई बेच्नु पऱ्यो। वैदेशिक रोजगारीमा जान बाध्य बनाउनै पऱ्यो। विदेशिएर कमाएर ल्याए त त्यो पनि ठिकै हो तर पैसा पठाउन गएकाहरूको लास आउँछ र पो त। उनीहरूलाई वैदेशिक रोजगारी पनि भरपर्ने विषय होइन भन्छु म। भन्नलाई भन्छौं नेपाल कृषिप्रधान देश तर गर्छौं सबैथोक आयात।

# लक्ष्मी महतोको बचाउमा एमाले, महासेठले भने : उहाँ सांसद हो, प्रधानमन्त्री बन्न सक्नु हुन्छ

**खबर दर्पण समाचारदाता**

**माघ १० गते, काठमाडौं**

सत्तारुढ नेकपा (एमाले)का सचिव रघुवीर महासेठले हत्याको आरोपमा फरार रहेका पार्टीका सांसद लक्ष्मी महतो कोइरीको बचाउ गरेका छन्। मंगलवार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले अदालतले दोषी करार नगरेको भन्दै सांसद महतोलाई पक्राउ गर्ने हो भने त्यसमा आफ्नो पार्टीका कुनै पनि नेताहरुले बाधा, अवरोध नगर्ने पनि बताए।



सचिव महासेठले शेरबहादुर देउवा नेतृत्वको सरकारले समाजसेवी पदकका लागि सिफारिस गरेको व्यक्ति कसरी अपरोधी भयो? भनेर प्रश्न गरे।

महतोलाई महोत्तरीका शोषित पीडित जनताले लक्ष्मी पूजाको दिनमा लक्ष्मीलाई जसरी पूजा गरेको बताए।

सचिव महासेठले नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाप्रति लक्षित गर्दै सांसद महतो अपराधी हो भने देउवा नेतृत्वको सरकारले किन कारबाही गरेन? भनेर विचार गर्न पनि आग्रह गरे।

सांसद महतो हाल पार्टीको सम्पर्कमा नरहेको भन्दै उनले कानुन बमोजिम उनलाई कारबाही गर्न सरकारलाई पार्टीकोतर्फबाट कुनै पनि अवरोध नहुने स्पष्ट पारे।

‘अहिले देशमा एउटै चर्चा छ- माननीय लक्ष्मी महतोको। आज यही प्रतिनिधिसभामा हाम्रा केही माननीयजीहरुले लक्ष्मी महतोजीबारे धेरै कुरा उठाउनु भयो। अपरोधी भन्ने शब्द पनि सम्बोधन गर्नु भयो। उहाँ यही सदनमा उपस्थित हुनुहुन्छ’, उनले भने, ’उहाँलाई प्रहरी प्रशासनले किन समातेन? यस्ता कुरा पनि उठाउने काम भयो। सभामुख महोदय, के साँच्चिकै लक्ष्मी महतो अपराधी नै हुन त? यदि अपराधी हो भने महतोजीलाई देशको सम्मानित र प्रतिष्ठित, समाजसेवी पदकबाट उहाँलाई निवर्तमान सरकारले जुन दिने काम गर्नुभयो। उहाँहरुले किन गर्नु भयो? त्यो बेला उहाँहरुले अपराधी हेर्नु भएन?’

लक्ष्मी महतोको मुद्दा ७ वर्षभन्दा बढी भइसकेको उनले बताए। ’सशस्त्र प्रहरीको असईको हत्या भएको पनि सात वर्ष भयो। ३ वर्षभन्दा बढी पुनरावेदन अदालतले थुनछेकको आदेश दिएको भइसक्यो। तर त्यो ३ वर्षमा त्यो सात वर्षदेखि अर्थात त्यो ३ वर्षयता पहिलाका सरकारहरुले समात्ने काम किन गरेन?’, उनले सोधे, ’अघि मैले कुरा उठाइसकेको छु। समात्ने काम त परै जाओस्। उहाँलाई सम्मान गरिएको थियो। मन्त्रीमण्डलबाट सिफारिस भएर राष्ट्रपतिमार्फत् घोषणा भएको लिष्टमा उहाँको नाम थियो। म सभामुखमार्फत् यो सरकारलाई पनि म के भन्न चाहन्छु माननीय लक्ष्मी महतो हाम्रो पार्टीको सम्पर्कमा हुनुहुन्न। यदि प्रहरी प्रशासनले उहाँलाई हिरासतमा लिएको छ भने सार्वजनिक गर्नु पऱ्यो।’

एमाले र एमालेका नेताहरुमाथि लगाइएको आरोपमा सत्यता नभएको उनले बताए। ’म यो सरकारलाई भन्न चाहन्छु-गृह मन्त्रालयलाई भन्न चाहन्छु-कानुन अनुसार तपाईंहरु काम गर्नुस्। उहाँलाई समाउनै पर्नेछ भने तपाईंहरु समाउनुस’, उनले भने, ’नेकपा एमाले र नेताहरुबाट बाधा, अवरोध आउने छैन। तर अहिलेसम्म अदालतले लक्ष्मी महतोलाई दोषी करार गरेको छैन। शंकाको घेराभित्र राखिएको छ। थुनछेक गरेर अर्थात् थुनामा राखेर कारबाही गर्ने कुरा उठाएको छ। अपराधी नै हो भनेर निर्णय गरेको छैन।’

उनले यसअघि केपी ओली, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र माधवकुमार नेपालसम्म विभिन्न अपराध अभियोगमा जेल परेको प्रसंग निकाले।

’हाम्रै पार्टीका श्रद्धेय अध्यक्ष केपीशर्मा ओलीलाई १४ वर्ष जेलमा राखेको थिएन र? अपराधी भनेर। के साँच्चीकै उहाँहरु अपराधी हुनुहुन्थ्यो? निवर्तमान प्रधानमन्त्रीजी शेरबहादुर देउवा के जेल जानु भएको छैन र। माधवकुमार नेपालजी जेल जानु भएको छैन र ? अरु त छोडिदिऊँ’, उनले भने, ’वर्तमान प्रधानमन्त्रीमाथि मुद्दाहरु लगाइएको थिएन र? देशद्रोहको मुद्दा थियो। हत्याहिंसाको मुद्दा थियो। आतंककारीको मद्दा थियो। तर पनि जति नाम मैले लिएको छु।’

विभिन्न आरोपमा जेल परे पनि उनीहरु प्रधानमन्त्री बनेको बताउँदै लक्ष्मी महतोले पनि त्यो क्षमता राख्ने उल्लेख गरेका छन्।

’उहाँहरुले पटकपटक प्रधानमन्त्री भएर यो देशलाई अगाडि बढाउनु भएको हो। त्यसैले अहिले लक्ष्मी महतोलाई अपराधी भन्ने जुन हामीले चर्चा गर्ने गरेका छौं। त्यसो नगरौं’, उनले भने, ’लक्ष्मी महतो प्रधनमन्त्री बन्ने अधिकार छ। उहाँ प्रधानमन्त्री बन्न सक्नु हुन्छ। मन्त्री बन्न सक्नु हुन्छ। किनकी उहाँ माननीय हुनुहुन्छ। भोलि पनि माननीय बन्नु होला, त्यो कसैलाई थाहा छैन।’

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

गौशाला नगरपालिका कार्यालय
महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संसद भवनअगाडि आत्मदाह प्रयास गरेका आचार्यको निधन



**काठमाडौं** / संघीय संसद भवनअगाडि मंगलबार दिउँसो आत्मदाहको प्रयास गरेका प्रेमप्रसाद आचार्यको निधन भएको छ। कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारका क्रममा उनको निधन भएको डा. किरण नकर्मीले नेपालखबरलाई जानकारी दिए।

शरीरमा पेट्रोल हालेर आत्मदाह प्रयास गर्दा इलामको सूर्योदय नगरपालिका निवासी ३७ वर्षीय आचार्य गम्भीर घाइते भएका थिए। पेट्रोल खन्याएर आत्मदाह प्रयास गर्दा उनको शरीरको ८० प्रतिशत भाग जलेको थियो। घटनास्थलबाट तत्कालै कीर्तिपुरस्थित बर्न अस्पताल लगिएर उनको उपचार गरिएको थियो।

मंगलबार साँझ स्वास्थ्य राज्यमन्त्री डा. तोसिमा कार्की पनि अस्पताल पुगेकी थिइन्।

# शरीरमा आगो लगाएर प्रधानमन्त्रीकै गाडीअगाडि ढलेका थिए आचार्य



**काठमाडौं** / प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड मंगलबार राष्ट्रियसभाको बैठकलाई सम्बोधन गरेर संसद भवनबाट बाहिरिँदै थिए।

अगाडि-पछाडि सुरक्षाकर्मीको गाडीसहित संसद भवनको दक्षिण गेटबाट निस्किएर नयाँ बानेश्वर चोकमा प्रधानमन्त्री सवार सेतो गाडी आइपुगेको थियो।

त्यही बेला कालो लुगा लगाएका एक युवक झोला भिरेर बानेश्वर चोकमा पुगे। बानेश्वर चोकमा प्रधानमन्त्री सवार गाडी आइनपुग्दै ती युवकले आफ्नो शरीरमा पेट्रोल खन्याए।

पेट्रोल खन्याउँदै शरीरमा आगो लगाएका उनी प्रधानमन्त्री प्रचण्ड सवार गाडीनजिकै पुगेर ढले। तर तत्कालै प्रधानमन्त्री सवार गाडीलाई सुरक्षाकर्मीको अर्को गाडीले छेकेर अघि बढायो।

शरीरमा पेट्रोल हालेर आत्मदाह प्रयास गर्दा इलामको सूर्योदय नगरपालिका निवासी ३७ वर्षीय प्रेमप्रसाद आचार्य गम्भीर घाइते भएका छन्।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी दिनेशराज मैनालीले उनलाई घटनास्थलबाट तत्कालै कीर्तिपुरस्थित बर्न अस्पताल लगिएको बताएका छन्।

उनलाई प्रहरीले घटनास्थलबाट उठाएर तत्कालै कीर्तिपुस्थित बर्न अस्पताल पुऱ्याइसकेको छ। आचार्यले आत्मदाह प्रयास गर्नुको कारण नखुलेको मैनालीले बताए।

# देश सुधारको पक्षमा आचार्यको थियो २५ माग

**काठमाडौं** / काठमाडौं नयाँ बानेश्वरको संसद भवअगाडि एक युवकले मंगलबार दिउँसो आत्मदाहको प्रयास गरेका छन्। प्रहरीले उनलाई उद्धार गरी उपचार का लागि कीर्तिपुर अस्पताल पुऱ्याएको छ।



उनले आत्मदाहको प्रयास गर्नुअघि सामाजिक सञ्जालमा लामो स्टाटस लेखेको पाइएको छ। स्टाटसमा उनले ३६ वर्ष पुगिसक्दा पनि केही उपलब्धि हासिल गर्न नसकेको, व्यवसाय गर्दा, उद्योग चलाउँदा समस्या भोग्नुपरेको उल्लेख गरेका छन्। जसका कारण आफूमा बाँच्ने आशा मरिसकेको हुँदा आफू आत्मदाह गर्न लागेको बताएका छन्।

उनले आफूलाई ६० लाख ऋण लागेको, टर्चर सहन सकेर श्रीमतीले पनि आत्महत्याको प्रयास गरेको उल्लेख गरेका छन्। साथै उनले सरकारसँग आफ्ना बिभिन्न मागसमेत राखेका छन्।

प्रहरीले भने उनको उमेर ४२ वर्ष रहेको बताएको छ। कीर्तिपुर अस्पतालमा उपचाररत उनी अहिले बोल्न सक्ने अवस्थामा रहेको प्रहरीले जानकारी दिएको छ।

**यस्ता छन् उनका माग**

१. राष्ट्रिय उत्पादनमा VAT शून्य गर। आयातित वस्तुमा बरु २० प्रतिशत लगाऊ।
२. Buyers Pay Firstत जस्तो आकर्षक बजार क्रय विक्रय नीति लागू गर। उधारो बजारको अन्त्य गर।
३. Higher the Profit – Lower the Tax Rate कर नीति लागू गर।
४. Land Leasing प्रणाली लागू गर।
५. Banking Mortgage Valuation प्रणाली परिवर्तन गर।
६. सबै बाहालका घरलाई करको दायरामा ल्याऊ ।
७. ठूला औद्योगिक तथा व्यापारिक घरानाले नेपालको बजार कब्जा गरेका छन्, नियमन गर सरकार।
८. दर्ता नगरी खुलेका यलष्भिभ पसलहरु सब बन्द गर।
९. वैदेशिक रोजगारमा official visa मा जान चाहनेलाई श्रम स्वीकृतिको लफडा नलगाऊ।
१०. अनुदान र कगदकष्मथ प्रणालीको सबै पुरानो file निकाल।
११. बिचौलियाको अन्त्य गर।
१२. यहाँ अलैंची भारत बेचेर imported cardamom dust किनेर खान्छन् नेपाली उपभोक्ता, अदुवा बोरामा भारत बेचेर imported ginger paste किनेर खान्छन्, इलामको orthodox green tea, black tea बोरामा कलकत्ता बेचेर imported lipton चिया खान्छन्। यी सबै चिजहरु नेपाली ब्राण्डमै नेपाली बजारमा पाइयोस्। नेपाली ब्राण्डमै विश्वमा निर्यात होस्।
१३. गाजा खेतीले वैधानिकता पाओस्।
१४. शिक्षा, स्वस्थ, सार्वजनिक यातायातमा निजीकरण दुरुत्साहित गर।
१५. सरकारी कर्मचारी, शिक्षक आदिलाई घर पायक जागीर नभएमा अनिवार्य आवास सुविधा उपलब्ध गराऊ सरकार।
१६. सार्वजनिक खरिद ऐनमा व्यापक सुधार गर।
१७. भ्रष्टाचार, जघन्य हत्या र बलात्कार आदिमा मृत्युदण्डसम्मको सजाय हुने व्यवस्था लागू गर।
१८. जातीय आरक्षणको अन्त्य गरी किसान र गरिबलाई पहिचान परिचयपत्रमार्फत मात्र त्यस्ता आरक्षण प्रदान गर सरकार।
१९. भारतसँगको खुल्ला सिमाना अन्त्य गर।
२०. आयात प्रतिस्थापन गरी सधैं घरेलु उत्पादन र निर्यातलाई प्रोत्साहन गर।
२१. बचत तथा ऋण सहकारी तथा microfinance बन्द गर।
२२. विकास साझेदारीको नाममा फेरि पूर्वाधार विकास हुने ठाउँको उपभोक्ताबाट २५ प्रतिशत रकम उठाइने गरिएको छ, त्यो बन्द गर।
२३. कक्षा ६ देखि नै 'उद्यमशिलता - entrepreneurship' विषयलाई विद्यालय शिक्षामा अनिवार्य गर।
२४. सरकारी कर्मचारी/शिक्षक/संस्थानका कर्मचारी/जनप्रतिनिधि/सांसद/मन्त्री/प्रधानमन्त्री सबैका छोराछोरी अनिवार्य सरकारी/सामुदायिक स्कुल/कलेजमा पढाउनुपर्ने नियम तत्काल लागू गर।
२५. बैंक ऋणको ब्याजदर ७ प्रतिशतभन्दा कहिले माथि नउठ्ने गरी सीमित गर। स्रोत -देश सञ्चार


जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
– blgs OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्लमययच को व्यवस्था ।

# धनुषाबाट वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै

**खबर दर्पण समाचारदाता**

**माघ १० गते, जनकपुर**
कोभिड-१९ को असर कम भएसँगै धनुषाबाट वैदेशिक रोजगारीमा जानेको संख्या बढ्न थालेको छ। चालु आर्थिक वर्षको ३ महिना ( साउन देखि असोज)सम्ममा ११ हजार ११९ जना वैदेशिक र ोजगारीमा गएका हुन् । जसमध्ये ५४ जना महिला रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले जनाएको छ ।

सामी कार्यक्रम धनुषाका कार्यक्रम संयोजक सौरभ कर्णले उपलब्ध गर ाएको तथ्यांक अनुसार आप्रवासी श्रोत केन्द्रबाट परामर्श लिएर ३ हजार १५४ र रिटर्नी स्वयंसेवकमार्फत १ हजार २६५ गरी कूल ४ हजार ४१९ जनाले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएका छन् ।

मृत्यु, उद्धार, एजेन्टबाट ठगिएर गएको, विरामी तथा उपचार लगायत समस्याप्राप्त १२९ जना, सहजीकरण भईसकेको ४५ जना, शव व्यवस्थापनमा सहजीकरण ६ जना, गन्तव्य मुलुकबाट उद्धार १५ जना, जिल्ला प्रशासन कार्यालय मार्फत ४ जना र स्थानीय स्तरमै सहजीकरण २० जनालाई न्यायमा पहुँच उपलब्ध गराइएको छ भने २ करोड ६० लाख ७३ रुपैयाँ आर्थिक सहायत उपलब्ध गराइएको तथ्यांक छ ।

यसअघि गत आर्थिक वर्ष २०७८/७९ मा नेपालबाट ६ लाख ३० हजार ९० जना वैदेशिक रोजगारीमा गएकोमा धनुषाबाट सबभन्दा बढि २२ हजार १७५ पुरुष र १९ हजार ११८ महिला गरी कूल ४१ हजार २९३ जना रहेका थिए । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो करिब ११ गुणा बढी हो ।

समीक्षा अवधिमा वैदेशिक र ोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य बढेको तथ्यांक छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या फेरि बढ्न थाले पनि रेमिट्यान्स आप्रवाह भने गत साउनयता लगातार घटिरहेको छ । यो अवधिमा हुण्डीलगायत विदेशबाट पैसा पठाउने गैरकानुनी माध्यमहरु सक्रिय हुनुका साथै क्रिप्टोकरेन्सी लगायत हाइपर फण्डमा लगानी बढेकाले रेमिट्यान्स प्रभावित भएको जानकारहरु बताउँछन् ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१२, १५ र २० का निर्वाचित पदाधिकारीहरुसँग कार्यक्रमको बारेमा समन्वय, सहकार्यका साथै कार्यक्षेत्रको स्थलगत भ्रमणसमेत भइरहेको सामी कार्यक्रम धनुषाका कार्यक्रम संयोजक सौरभ कर्णले बताए ।

# वैदेशिक रोजगारमा जाने महिलाको सुरक्षित र मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा जोड




**दिपक कर्ण**

**माघ १० गते, जनकपुर**
वैदेशिक रोजगारमा जाने महिलामा थुप्रै चुनौती देखिएको भन्दै यसलाई न्यूनीकरण गर्न महिलाको सुरक्षित, मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन् ।

मंगलबार जनकपुरधाममा राष्ट्रिय महिला आयोगले आयोजना गरेको वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यर त निकायगत र तहगत सरोकार वालासँगको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरूले सो विषयमा जोड दिएका हुन् ।

वैदेशिक रोजगारका लागि दुबई र कतार गएर फर्किएकी जनकपुर धाम-४ की मुन्नी खातुनले वैदेशिक रोजगारमा जाँदा सम्बन्धित देशको भाषा र कामको दक्षता नहुँदा आफूले निकै दुःख भोग्नु परेको अनुभव सुनाइन् ।

उनले कमजोर आर्थिक अवस्थाका कारण विकल्प खोज्दै खाडीमुलुक जाँदाका पीडा दर्दनाक भएको र परिवारका सदस्यसँग सम्पर्कमा र हनसमेत नपाउँदा आफ्नै चिन्ताले पति गुमाउनु परेको पीडासमेत पोखिन ।

१० वर्षअघि साउदीबाट फर्केकी खातुनले आफूलाई वैदेशिक रोजगारसम्बन्धी नीतिनियम कानुन केही थाहा नहुँदा श्रम शोषणमा परेको अनुभव सुनाइन् । घरेलु कामदारको रुपमा रहँदा आफूले भोग्नु परेको पीडा सुनाउँदै उनले सरकारका कतिपय नीति नियमबारे आफूहरु अञ्जान रहँदा पनि पीडित हुनुपरेको उनको भनाइ थियो ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले हरेक क्षेत्रमा समस्या देखिएको जनाउँदै त्यसलाई व्यवस्थित गर्ने नीतिनियम र त्यसको कार्यान्वयनको पक्षमा जोड दिन आवश्यक रहेको बताए ।

उनले वैदेशिक रोजगारमा जाने महिलाको लागि पहिला त्यस देशको भाषा संस्कार संस्कृतिको बारेमा सामान्य भए पनि जानकारी लिनुपर्ने र कुन कामको लागि जाने त्यो काम दक्ष भएर वैधानिक बाटोबाट जाँदा जोखिम कम हुने धारणा राखे । उनले सरकारले निषेध गरेका बाहेकका मुलुकमा जाँदा श्रम स्वीकृति लिएर सीप सिकेर जाँदा समस्या कम हुने बताए ।

कार्यक्रममा धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले धनुषामा महिलाको वैदेशिक रोजगारीसम्बन्धी सवाल र महिलाको सुरक्षित तथा मर्यादित रोजगारीका लागि अवलम्बन गर्नुपर्ने उपायको बारेमा बताएका थिए । उनका अनुसार धनुषा जिल्लाको २०७९ साउन देखि मंसिरसम्मको तथ्याङ्कमा ४ हजार ४१९ जनामध्ये ११७ जना महिला वैदेशिक रोजगारमा गएका छन् । उनले वैदेशिक रोजगारीमा गएका महिलाप्रति सकारात्मक दृष्टिकोणको खाँचो रहेको र सकार ात्मक भन्दा नकारात्मक विषयले बढी प्राथमिकता पाउँदा वैदेशिक रोजगारमा गएर आएका महिला समाजमा खुल्न नसकेको बताए ।

आयोगका उपसचिव सीता अधिकारीले पछिल्लो समयमा वैदेशिक रोजगारमा जाने महिलामाथि विभिन्न खालका हिंसा हुने गरेका घटना सार्वजनिक भएसँगै आयोगले २१ वर्षको इतिहासमा पहिलो पटक वैदेशिक रोजगार र महिलाको सवाललाई चासो दिएर कार्यक्रम गरेको बताए ।

अधिकारीले महिला अधिकारको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्न बनेको आयोगले पछिल्लो समय वैदेशिक रोजगार मा रहेका महिलामाथि हुने हिंसाका धेरै घटना बाहिर आएको र यसलाई न्यूनीकरण गर्नका लागि आज उठेका सवाल र सुझावले आगामी रणनीतिक योजना बनाउन सहयोग पुग्ने विश्वाससमेत व्यक्त गरिन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख संगीतादेवी ठाकुर, मधेस प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक मनोजकुमार यादव, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्का, राष्ट्रिय मानव अधिकार आयोगकी रेखा दत्त, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत, पत्रकार अजय झा, संतोष कर्ण, महिला अधिकारकर्मी शिला झालगायतकाले वैदेशिक रोजगार मा महिलाको अवस्था र सर ोकारवाला निकायले ध्यान दिनुपर्ने कुरामा सुझाव दिएका थिए ।


## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

➢समयमै न्यानो कपडाको जोहो गरौ ।
➢चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
➢घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
➢घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
➢चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
➢छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
➢चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने बानीको विकास गरौ ।
➢तातो पानी पिईरहौ ।

**मठिहानी नगरपालिका, महोत्तरी**



जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**क्षीरेश्वरनाथ नगरपालिका**
**महेन्द्रनगर, धनुषा**



## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**कमला नदी नियन्त्रण आयोजना , जनकपुर**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा